बैठक संख्या : २४२ मिति : २०७९/०३/२३, बिहीबार समय : बिहान १०:३० बजे

<u>निर्णय</u>

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा देहाय बमोजिमको निर्णय भयो :-

१. विधेयकको दफा ४ बाट मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा १०क. को उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) यस दफा बमोजिम कार्य सम्पादन गर्दा नेपाल प्रहरीले प्रदेश प्रहरीसँग समन्वय गर्नेछ ।"

२. विधेयकको दफा ५ स्वीकार गर्ने,

३. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल सम्पन्न भयो । बैठकमा विधेयक संशोधन सहित पारित भयो । विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भयो ।